नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## संयुक्त निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट मिति २०८३/०१/२४ गते जिल्ला प्रशासन कार्यालय, काठमाडौं सहितको संयुक्त टोलिद्वारा देहायका खाद्य व्यवसायहरूको अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम देहाय बमोजिम आवश्यक काम कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | श्री प्रिन्स स्टोर, का.म.न.पा.-१६, नयाँबजार | • उपभोग्य मिति समाप्त भएको रु ३१,३५० बराबर मूल्यको भटमास १९० के.जी. र रु ४५,५०० मूल्य बराबरको १४७ के.जी टाइचिन चिउरा पाइएको<br>• पुर्ण लेवल बिबरण नभएको खाद्य पदार्थ भण्डारण गरि बिक्रीबितरणको लागि राखेको। | • उपभोग्य मिति समाप्त भएको कैफियतमा उल्लेख भएका खाद्य पदार्थ का.म.न.पा.को फोहोर व्यवस्थापन गाडिमा नष्ट गर्न लगाईयो<br>• पुर्ण रुपमा लेबल बिवरण भएका खाद्य पदार्थ मात्र खरिद विक्री गर्ने<br>• खाद्य पदार्थ व्यवस्थित तरिकाले भण्डारण गरी FIFO (First in first out) बिधि लागु गर्ने |
| २. | एस डि जी ग्लोबल ईम्पोर्टस प्रा.ली, का.म.न.पा.-१६ | • खाद्य पदार्थ असल भण्डारण अभ्यास अनुसार Pallet नलगाई भुईमा सिधै भण्डारण गरेको<br>• पेस्ट कन्ट्रोलको पर्याप्त व्यवस्था नभएको<br>• सरसफाई सामान्य रहेको। | • देखिएका कैफियत सुधार गर्ने<br>• खाद्य पदार्थ भण्डारण गर्न प्यालेटको व्यवस्था मिलाउने<br>• पेष्ट कन्ट्रोलको लागि व्यवस्था मिलाउने। |
| ३. | • टु एस आर ग्रुप, का.म.न.पा.-१३ कालिमाटी | • स्टोरमा भएको खाद्य पदार्थमा पुर्ण लेबल बिबरण नभएको<br>पेष्ट कन्ट्रोलको व्यवस्था पर्याप्त नभएको<br>• सरसफाईमा कमि रहेको। | • सरसफाई गरी खाद्य स्वच्छता कायम गर्ने<br>• पुर्ण लेबल विवरण भएका खाद्य पदार्थ मात्र खरीद विक्री गर्ने<br>• पेष्ट कन्ट्रोलको लागि व्यवस्था मिलाउने<br>• लेवल बिवरण नभएका खाद्य पदार्थको कारोवार नगर्ने। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः३ वटा** | | | |

Sharma

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
२०८३/०२/२८

# अनुगमनका झलकहरू





